CONSTRUCTION INDUSTRY COUNCIL
建造業議會

# विंडोज फ्रेम इंस्टालर इन्टर्मिडिएट ट्रेड टेस्ट नमुना प्रयोगात्मक टेस्ट पेपर

此文件關於窗框工工藝測試考題。如有需要索取此文件的中文版本，請致電 2100 9000與香港建造業工藝測試中心聯絡。

This document related to mock test paper of intermediate trade test for Window Frame Installer. Should you require an English version of this document, please contact Hong Kong Construction Industry Trade Testing Centre at 2100 9000.

IWF (Nepali)

# डिस्क्लेमर

*CIC को लिखित अनुमतिबिना यस सामग्रीको कुनै पनि भागलाई कुनै पनि रूपमा वा कुनै पनि माध्यमबाट पुनरुत्पादन वा प्रसारित गर्न नपाइसक्छ । यस सामग्रीमा रहेका जानकारीले सत्यता सुनिश्चित गर्न उचित प्रयासहरू गरिएतापनि CIC ले पाठकहरूलाई सम्भव भएसम्म पेशासँग सम्बन्धित सल्लाहकारहरूसँग उपयुक्त स्वतन्त्र सल्लाह खोज्न प्रोत्साहन गर्छ र पाठकहरूले कुनै पनि सम्बद्ध कामहरू गर्दा यस सामग्रीलाई उक्त पेशासम्बन्धी सल्लाहको विकल्पको रूपमा लिनु वा निर्भर पर्नु हुँदैन ।*

# सोधपुछहरू

यस सामग्रीको सम्बन्धमा भएका सोधपुछहरू हङकङ कन्स्ट्रक्सन इन्डस्ट्री ट्रेड टेस्टिङ सेन्टरलाई निम्न ठेगानामा सोध्न सकिन्छ:


| | |
|---|---|
| 95, Yue Kwong Road | ९५ यु कोङ्ग रोड |
| Aberdeen | एबरडीन |
| Hong Kong | होंगकोङ्ग |

| | |
|---|---|
| फोन नम्बर | : (852) 2100 9000 |
| फ्याक्स नम्बर | : (852) 2100 9090 |
| इमेल | : enquiry@cic.hk |
| वेबसाइट | : www.cic.hk |


©२०२० कन्स्ट्रक्सन इन्डस्ट्रि काउन्सिल

# <u>इन्टर्मिडिएट ट्रेड टेस्ट प्रश्न पत्र</u>

ट्रेड : विन्डो फ्रेम कामदार

ग्रेड : सेमी-स्किल्ड कामदार

टेस्टका विषयवस्तुहरू : चित्रमा देखाए अनुरुप तोकिएको स्थानमा निम्न कार्यहरु पुरा गर्नुहोस्:

I. वर्किङ ड्रइङ 1, लेवलर र लेवलिङको आवश्यकताहरू अनुसार कोणीय (angular) एल्युमिनियम विन्डो फ्रेमहरु (W1) को एउटा सेट जड़ान गर्नुहोस्; (40 अङ्क)

II. वर्किङ ड्रइङ 2, लेवलर र लेवलिङको आवश्यकताहरू अनुसार प्लानर (planar) स्टील विन्डो फ्रेम (W2) को एउटा सेट जड़ान गर्नुहोस्; (30 अङ्क)

III. वर्किङ ड्रइङ 3, लेवलर र लेवलिङको आवश्यकताहरू अनुसार स्टेनलेस स्टील सेल्फ क्लोजिङ डोर (आफै बन्द हुने ढोका) र फ्रेम (D1) जड़ान गर्नुहोस्। (30 अङ्क)

समय अवधि : 3 घण्टा

ध्यान दिनुपर्ने कुराहरु:

(A) परीक्षा सुरु गर्नुभन्दा पहिले परीक्षार्थीहरूले अनिवार्य रुपमा संलग्न गरिएको “परीक्षार्थीले ध्यान दिनुपर्ने कुराहरू” को नोट पढ्नुपर्नेछ।

(B) यदि कुनै परीक्षार्थीले टेस्ट अवधिभर सुरक्षासम्बन्धी उपायहरू राम्रोसँग अबलम्बन गरेनन्/गरिनन् उनलाई अनुत्तीर्ण भएको मानिनेछ; र

(C) यो प्रश्न पत्र 5 पेजको छ। यस परीक्षाको पूर्णाङ्क (फुल मार्क) 100 हो र 60 उत्तीर्णाङ्क (पास मार्क) हो।

## इन्टर्मिडिएट लेवल ट्रेड टेस्ट (विन्डो फ्रेम वर्कर्स) को लागि वर्किङ ड्रइङ 1

| नं. / विषयवस्तु | W1 | कोणीय एल्युमिनियम विन्डो फ्रेम (W1) को जड़ान कार्यको लागि देहायका आवश्यकताहरु छन्: |
|---|---|---|
| प्रोफाइल |  | 1. स्क्रूहरुको प्रयोग गरेर कोणीय विन्डो मटेरियलहरु (बॉक्स सेक्सन्स) लाई विन्डो फ्रेमसँग जोड्नुपर्छ;<br>2. काठको ओट प्रयोग विन्डो फ्रेमलाई अस्थायी रूपमा अड्याउने र फिक्स गर्ने;<br>3. विन्डो फ्रेमलाई अड्याउन 10 वटा होल्डफ़ास्ट जडान गर्ने;<br>4. विन्डोको लागि स्वीकार्य डिस्क्रेपेन्सी (सीधा ठाडो वा लेवलिङ) 3 mm हुन्छ। |
| टाइप | कोणीय एल्युमिनियम विन्डो | |
| ग्लास | जडान आवश्यक छैन | |
| कैफियत | विन्डो फ्रेमहरुको जडान | |




W1 विन्डो लेआउट प्लान

यो रेखाचित्र स्केलअनुसार ड्रइङ गरिएको छैन
सबै डाइमेन्सहरू मिमि मा छन्

| नं. / विषयवस्तु | W2 |
|---|---|
| प्रोफाइल |  |
| टाइप | स्टील विन्डो |
| ग्लास | जडान आवश्यक छैन |
| कैफियत | विन्डो फ्रेमहरुको जडान |

**प्लानर स्टील विन्डो फ्रेम (W2) को जडान कार्यको लागि देहायका आवश्यकताहरू छन्:**

1. काठको ओट प्रयोग गरेर विन्डो फ्रेमलाई अस्थायी रूपमा अड्याउने र फिक्स गर्ने;
2. विन्डो फ्रेमलाई अड्याउन 10 वटा होल्डफ़ास्ट जडान गर्ने;
3. विन्डोको लागि स्वीकार्य डिस्क्रेपेन्सी (सीधा ठाडो वा लेवलिङ) 3 mm हुन्छ ।




W2 विन्डो लेआउट प्लान

यो रेखाचित्र स्केलअनुसार ड्रइङ गरिएको छैन
सबै डाइमेन्सहरू मिमि मा छन्

## इन्टर्मिडिएट लेवल ट्रेड टेस्ट (विंडोज फ्रेम वर्कर्स) को लागि वर्किङ ड्राइंग 3

<table>
<tr><td>नं.<br>विषयवस्तु</td><td>D1</td><td rowspan="4"><u>स्टेनलेस स्टील सेल्फ क्लोजिङ डोर र फ्रेम (D1) को जडान कार्यको लागि देहायका आवश्यकताहरु छन्:</u><br><br>1. पोप रिवेर्ट्स को प्रयोग गरेर रो हिन्ज फिट गरिएको स्टेनलेस स्टील डोर र डोर फ्रेम एसेम्ब्ली जोड्ने;<br>2. स्टेनलेस स्टील डोर र फ्रेमलाई प्वालमा जडान गर्ने;<br>3. एंगुलर कम्पोनेटहरूको प्रयोग गरेर फ्रेमलाई वाल (भित्ता) मा अड्याउने;<br>4. फ्रेम र वाल बीचको प्लानर ग्याप 6 mm हुनुपर्छ;<br>5. हैंडल र म्याग्नेटिक ल्याचलाई ढोका र फ्रेममा क्रमश: जडान गर्ने;<br>6. फ्रेम र प्वाल बीचको प्रोफाइल ग्याप लगभग 15 mm हुन्छ।</td></tr>
<tr><td>प्रोफाइल</td><td>
</td></tr>
<tr><td>टाइप</td><td>स्टेनलेस स्टील डोर</td></tr>
<tr><td>कैफियत</td><td>डोर फ्रेम र ढोकाको जडान</td></tr>
</table>




D1 डोर लेआउट प्लान

यो रेखाचित्र स्केलअनुसार ड्रइङ गरिएको छैन
सबै डाइमेन्सहरू मिमि मा छन्

**परीक्षार्थीले ध्यान दिनुपर्ने कुराहरू:**

1. परीक्षार्थीहरूले प्रश्नपत्रहरू ध्यान दिएर पढ्नुपर्छ र नबुझेको कुराहरू परीक्षकसँग सोध्न सक्छन्।
2. प्रश्नपत्रमा यदि कुनै चित्रहरू र विशेष विवरण छ भने परीक्षार्थीहरूले टेस्ट सुरु हुनुभन्दा अगावै त्यसलाई ध्यान दिएर पढ्नुपर्छ।
3. परीक्षार्थीहरूले प्रश्नपत्र, दिएको कार्य नक्साहरू र विशेष विवरणअनुसार जाँच दिनुपर्छ।
4. परीक्षार्थीहरूले जाँचमा आउँदा सेफ्टी जुत्ता आफैले लिएर आउनुपर्नेछ। अन्य चाहिने सेफ्टी सामाग्रीहरू भने ट्रेड टेस्टिङ् सेन्टरबाट नै उपलब्ध हुनेछ। परीक्षार्थीहरूले कार्यस्थल सुरक्षाको सुनिश्चितता गर्न सबै सुरक्षा सावधानीहरूको पालना गर्नुपर्नेछ।
5. टेस्टमा चाहिने सबै टुल्स र सामाग्रीहरू ट्रेड टेस्टिङ् सेन्टरबाट नै उपलब्ध हुनेछ, उपलब्ध गरिएको टुल्स र सामाग्रीहरूको क्वालिटी र उपयोगिता चेकजाच भने परीक्षार्थीहरू आफैले गर्नुपर्नेछ। परीक्षार्थीहरूले सबै टुल्स र सामाग्रीहरू ट्रेड प्राक्टिस अनुसार सही तरिकाले प्रयोग गर्नुपर्नेछ। परीक्षार्थीहरूले टेस्टपछि सबै टुल्सहरू ट्रेड टेस्टिङ् सेन्टरलाई अनिवार्य फिर्ता गर्नुपर्नेछ। यदि कुनै समस्या भएमा परीक्षार्थीहरूले परीक्षकसँग सोध्न र बुझ्न सक्नुहुनेछ।
6. परीक्षार्थीहरूले टेस्ट र सम्बन्धित कामको लागि दिइएको टुल्स र सामाग्रीहरू टेस्ट दिंदा र सहायक कार्यहरू गर्दा चलाउन र प्रयोग गर्नुपर्नेछ।
7. टेस्ट भईरहेको बेलामा परीक्षकले रेकर्डको लागि समय समयमा फोटो खिचेर राख्नुहुनेछ।
8. परीक्षार्थीहरुले कुनै पनि मोबाइल वा क्यामेराबाट फोटो वा भिडियो खिच्न पाउने छैनन्।
9. इमर्जेन्सी अवस्था बाहेक टेस्ट भईरहेको समयमा परीक्षार्थीहरुले मोबाइल फोन प्रयोग गर्न पाउने छैनन्।
10. तल लेखिएका मापदण्डमा आधारित रहेर मार्किङ (नम्बर दिने) गरिन्छ।
    a) नक्सा र विशेष विवरणको सही बुझाइ
    b) टेस्टभन्दा पहिला सबै चाहिने तयारी
    c) कार्यहरूको (काम गर्ने) प्रक्रियाहरू
    d) कामको स्पष्टता तथा गुणस्तर
    e) कामको प्रगति
    f) सामग्रीहरूको सही ढङ्गले ह्याण्डलिङ
    g) टुल्स तथा उपकरणहरूको सही ढङ्गले प्रयोग
    h) सेफ्टी नियमहरूको पालन
    i) अरु ट्रेडहरूको बारेमा सोच्ने र विचार गर्ने
    j) टेस्ट सकिएपछि समानहरू मिलाउने र सरसफाइ
11. समय सकिने बित्तिकै सबै परीक्षार्थीहरूले टेस्ट रोक्नुपर्नेछ।
12. टेस्ट सकिएपछि परीक्षार्थीहरूले टेस्ट पेपर अनिवार्यरूपमा परीक्षकलाई बुझाउनुपर्नेछ।
13. परीक्षकलाई घुस दिने प्रस्ताव गर्नु कानूनी अपराध हो, त्यस्तो केसहरूलाई ट्रेड टेस्टिङ् सेन्टरले आइ.सी.ए.सी. (ICAC) मा रिपोर्ट गर्नेछ।

**यदि परीक्षार्थीले कुनै आवश्यक सेफ्टी सावधानीहरू पालना गर्न सकेनन् र/वा कुनै डरलाग्दो स्थितिहरूमा काम गरे / गरिन् भने उनी फेल भएको मानिनेछ।**